# सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण गर्ने सम्बन्धमा पेश गर्नु पर्ने शंकास्पद कारोवारको सूचना र जोखिम व्यवस्थापनका सम्बन्धमा वित्तीय जानकारी इकाईले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "मनी चेञ्जर"लाई जारी गरेको थप निर्देशन

मनि चेन्जरलाई जारी निर्देशन नं. २

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**वित्तीय जानकारी इकाई**
**२०६६, चैत्र-२७**

(२०६७ बैशाख १ गते देखि लागू)

**नेपाल राष्ट्र बैंक**
**<u>वित्तीय जानकारी इकाई</u>**

निर्देशन जारी मितिः- २०६६।१२।२७ लागू भएको मितिः-२०६७।१।१

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १० को उपदफा (३) तथा सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निबारण नियमावली, २०६६ को नियम ७ (१) ले दिएको अधिकार प्रयोग गरी वित्तीय जानकारी इकाइले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त **मनी चेञ्जर** (यसपछि सूचक संस्था भनिएको) ले सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा पेश गर्नु पर्ने सूचना र जोखिम व्यवस्थापन गरी त्यस्ता अपराधहरु नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम कारवाही व्यवस्थित गर्ने गरी ती संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरेको छ :-

१. **सूचना दिनु पर्ने काम कारोवारको प्रकृति**

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निबारण ऐन, २०६४, सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निबारण नियमावली, २०६६ तथा यस निर्देशन बमोजिम सूचक संस्थाले आफ्ना ग्राहकसँग सम्बन्धित काम कारोवार, क्रियाकलाप वा आर्थिक सम्बन्धका सिलसिलामा कुनै पनि स्वदेशी वा विदेशी नागरिक, ग्राहक, फर्म, कम्पनी, संस्था वा निकायले सम्पत्ति शुद्धिकरण, आतङ्ककारी कार्य वा सम्बद्ध अन्य कसूरजन्य कुनै पनि कार्यहरु गरेको, गर्न लागेको वा गर्न प्रयास गरेको थाहा हुन आएमा वा देखिएमा वा देहाय बमोजिमको कार्य गरे गराएको वा गर्न लागे वा लगाएको पाईएमा वा शंका लागेमा सो कुरा शंकास्पद कार्य/गतिविधि/कारोवारको सूचना वित्तीय जानकारी इकाइलाई तत्काल उपलब्ध गराउनु पर्नेछः-

१.१ नेपाल वा विदेशमा कुनै कसूर वा अपराधबाट प्राप्त वा प्रचलित कानून बमोजिम लान ल्याउन नमिल्ने कुनै पनि प्रकारको सम्पत्ति (रकम समेत), सोमा प्रयोग भएका वा गर्न खोजिएका वस्तु, उपकरण वा कुनै पनि श्रोत साधन जुनसुकै उपाय वा माध्यमबाट नेपालबाट विदेशमा वा विदेशबाट नेपालमा हुने विप्रेषण (रेमिटेन्स), स्थानान्तरण, रकमान्तर वा त्यस्तो प्रकृतिको कुनै कार्य गरे गराए वा गर्न लागेमा,

१.२ नेपाल वा विदेशमा कुनै कसूर वा अपराधबाट प्राप्त रकम वा अन्य कुनै पनि प्रकारको सम्पत्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त, धारण, भोगचलन वा प्रयोग गरेमा, त्यस्तो सम्पत्ति कुनै प्रकारबाट लगानी गरी प्राप्त गरेमा वा त्यसरी आएको वा बढे बढाएको सम्पत्तिलाई कानूनी रुपले प्राप्त गरेको, आर्जन गरेको सम्पत्तिको रुपमा भोगचलन गरेमा, धारण गरेमा वा प्रयोग, उपयोग वा उपभोग गरेमा वा त्यस्तो देखाउने कार्य वा सो सम्पत्तिसँग सम्बन्धित अन्य कुनै पनि कार्य गरेमा वा त्यस्तो सम्पत्तिको स्रोत लुकाउने वा त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले त्यस्तो सम्पत्ति रुपान्तरण गर्न, लुकाउन वा स्थानान्तरण गर्न कसैलाई मद्दत गरेमा,

१.३ नेपाल वा विदेशमा कुनै कसूर वा अपराध गर्न गराउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उद्योग, मद्दत, सहयोग, वा प्रोत्साहन गरे गराएमा,

१.४ सम्पत्ति शुद्धिकरण सम्बन्धी ऐन, नियम वा निर्देशन बमोजिम सूचना दिनु पर्ने कसूरको बारेमा सूचना नदिएको, दिन नखोजेको वा लुकाउन प्रयास गरे गराएको अवस्था देखिएमा,

१.५ सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निबारण ऐन, २०६४ बमोजिम दिनु पर्ने वा दिएको सूचना/जानकारी कानून बमोजिम बाहेक असम्बद्ध पक्ष वा अन्य कसैलाई जानकारी दिएको वा दिन लगाएको देखिएमा,

१.६ कसूर वा अपराधसँग सम्बन्धित ग्राहकको रकम, सम्पत्ति अन्य ग्राहकको भोग, स्वामित्व, प्रयोग, प्रचलनमा गएको, पठाएको, प्राप्त गरेको वा त्यस्तो गर्ने प्रयास गरे गराएको देखिएमा ।

१.७ कुनै वित्तीय कसूर वा अपराध गरे गराएको वा गर्न लागेको वा लगाएको अवस्था देखिएमा,

१.८ कसूर वा अपराधसँग सम्बन्धित कुनै पनि ग्राहक वा संस्थाको पहिचान सम्बन्धी विवरण ।

## २. <u>आतङ्ककारीको पहिचान, कारोवारमा नियन्त्रण र सूचना</u>

२.१ सूचक संस्थाले संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को निर्णय नं. १२६७ तथा सोसँग सम्बन्धित बमोजिम आतंककारीका रुपमा सूचिकृत अल कायदा, तालिवान लगायत समय समयमा तोकिएका अन्य संस्था, समूह वा व्यक्ति र त्यस्तासँग सम्बद्ध कुनै पनि संस्था, समूह वा व्यक्तिसँग कुनै पनि काम कारोवार गर्नु गराउन हुदैन ।

२.२ खण्ड २.१ बमोजिमको कुनै काम कारोवार सूचक संस्थामा रहे भएको पाइएमा वा थाहा पाएमा तत्काल रोक्का गरी शंकास्पद कारोवारको रुपमा यस इकाईलाई पठाई सोको जानकारी अपराध नियन्त्रण गर्ने सम्बन्धित सरकारी अधिकारीलाई समेत दिनु पर्नेछ ।

२.३ सूचक संस्थाले खण्ड २.१ बमोजिमका संस्था, समूह वा ग्राहक सम्बन्धी जानकारी संयुक्त राष्ट्र संघको वेभ साइट http://www.un.org/sc/committees/1267/pdf/consolidatedlist.pdf बाट प्राप्त गरी सोको पहिचान र नियन्त्रण गर्ने आवश्यक संयन्त्र तत्काल निर्माण गर्नु पर्ने छ ।

२.४ सूचक संस्थाले सार्क, युरोपियन युनियन लगायत विश्वका विभिन्न अन्तरसरकारी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ/संस्थाले आतंककारीका रुपमा सूचिकृत गरेका कुनै पनि संस्था, समूह वा व्यक्ति र त्यस्तासँग सम्बद्ध कुनै पनि संस्था, समूह वा व्यक्तिसँग कुनै पनि काम कारोवार गर्नु गराउन हुदैन र सो बमोजिमको कुनै काम कारोवार सूचक संस्थामा रहे भएको पाइएमा वा थाहा पाएमा तत्काल रोक्का गरी शंकास्पद कारोवारको रुपमा यस इकाईलाई पठाई सोको जानकारी अपराध नियन्त्रण गर्ने सम्बन्धित सरकारी अधिकारीलाई समेत दिनु पर्नेछ ।

२.५ नेपालको प्रचलित कानून वा कानूनी व्यवस्थाले अन्यथा गरेकोमा बाहेक सूचक संस्थाले विभिन्न मुलुकले आतंककारी वा आपराधिक गिरोहका रुपमा घोषणा गरेका कुनै संस्था, समूह वा व्यक्ति र त्यस्तासँग सम्बद्ध कुनै पनि संस्था, समूह वा व्यक्तिसँग कुनै पनि काम कारोवार गर्नु गराउन हुदैन र सो बमोजिमको कुनै काम कारोवार सूचक संस्थामा रहे भएको पाइएमा वा थाहा पाएमा तत्काल शंकास्पद कारोवारको रुपमा यस इकाइमा पठाई अपराध नियन्त्रण गर्ने सम्बन्धित सरकारी अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ ।

२.६ देहाय बमोजिमका अन्तर्राष्ट्रिय महासन्धी, सन्धी, सम्झौता बमोजिम गरेको कुनै पनि कसूरलाई शंकास्पद कारोवार अन्तर्गत राखी वित्तीय जानकारी इकाइलाई तत्काल सूचना दिनु पर्ने छ ।

(१) सन् १९६३ मा सम्पन्न वायुयानभित्र भएका कसूर तथा अन्य केही कार्य सम्बन्धी टोकियो महासन्धि (टोकियो कन्भेन्सन अन अफेन्सेज एण्ड सर्टेन अदर एक्ट्स कमिटेड अन वोर्ड एअरक्राफ्ट),

(२) सन् १९७० मा हेगमा सम्पन्न भएको वायुयानको गैर कानूनी कब्जाको दमन सम्बन्धी महासन्धि (कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल सिजर अफ एअरक्राफ्ट),

(३) सन् १९७१ मा मन्ट्रियलमा सम्पन्न भएको गैर सैनिक हवाई उडानको सुरक्षाको विरुद्ध गरिने गैर कानूनी कारबाहीको दमन सम्बन्धी महासन्धि (कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल एकट्स एगेन्स्ट द सेफ्टी अफ सिभिल एभिएशन),

(४) सन् १९७३ मा सम्पन्न भएको कूटनैतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रुपमा संरक्षित ग्राहकहरु विरुद्धको अपराध निवारण तथा सजाय सम्बन्धी महासन्धि ( कन्भेन्सन अन द प्रिभेन्सन एण्ड पनिश्मेण्ट अफ क्राइम एगेन्स्ट इण्टरनेशनल्ली प्रोटेक्टेड पर्सन्स इन्क्लूडिङ्ग डिप्लोम्याटिक एजेण्ट्स),

(५) सन् १९७९ मा सम्पन्न शरीर बन्धक लिने विरुद्धको महासन्धि (इन्टरनेशनल कन्भेन्सन एगेन्स्ट द टेकिङ्ग अफ होस्टेजेज),

(६) सन् १९८७ मा सम्पन्न आतङ्कवादको दमन सम्बन्धी सार्क क्षेत्रीय महासन्धि ( सार्क रिजनल कन्भेन्सन अन सप्रेशन अफ टेरोरिज्म),

(७) लागूऔषध तथा मनोद्दिपक पदार्थको गैर कानूनी ओसार पसार र बेचबिखन विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धी, १९८८ (यु. एन. कन्भेन्सन अगेन्ष्ट इलिसिट ट्राफिक इन नारकोटिक ड्रगस् एण्ड साइकोट्रपिक सब्स्टान्सेस्, १९८८),

(८) संयुक्त राष्ट्र संघको आतङ्कबादी कार्यमा वित्तीय लगानी दमन सम्बन्धी महासन्धी, १९९९ (यु. एन. कन्भेन्सन फर द सप्रेशन अफ द फाइनान्सिङ् अफ टेरोरिजम),

(९) संयुक्त राष्ट्र संघको बहुदेशिय संगठित अपराध सम्बन्धी महासन्धी, २००० (यु. एन. कन्भेन्सन अगेन्ष्ट ट्रान्सनेशनल अर्गनाइज्ड क्राइम),

(१०) संयुक्त राष्ट्र संघको भ्रष्ट्राचार विरुद्धको महासन्धी, २००३ (यु. एन. कन्भेन्सन अगेन्ष्ट करप्सन),

(११) संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको निर्णय नं १२६७ तथा सोसँग सम्बन्धित अन्य निर्णय,

(१२) आतङ्कवादी वा अन्य आपराधिक काम कारबाहीको विरुद्ध नेपाल पक्ष भएको अन्य कुनै महासन्धि, सन्धी, सम्झौता ।

## ३. <u>शंकास्पद सूचना दिन सहयोग पुग्ने थप आधार</u>

३.१ सूचक संस्थासँग नेपाली वा विदेशी ग्राहकले गरेका वा गर्न खोजेका काम कारोवारको सिलसिलामा देहाय बमोजिमका कार्य गरेको, गर्न गराउन लागेको वा त्यस्तो आशंका लागेको वा सोमा कोही कसैबाट प्रत्यक्ष वा कुनै पनि प्रकारको अप्रत्यक्ष सहयोग, लगानी, योगदान भएको वा हुन लागेको आशंका लागेमा वा त्यस्तो अवस्था महशुस भएमा वा जानकारी हुन आएमा उक्त परिस्थिति र अवस्थालाई तत्काल शंकास्पद बिषयको सूचना दिने सामान्य आधार मान्न सकिने छः:-

(१) कसैले कर, भन्सार, मालपोत, विद्युत, पानी, टेलिफोन लगायत अन्य राजश्व वा सरकारी दस्तुर छली वा नतिरी सम्पत्ति (रकम समेत) आर्जन गरेको देखिएको,

(२) कसैको आर्थिक हैसियत, पेशा व्यवसाय वा काम कारवाहीबाट सामान्यतया आर्जन गर्न सकिने भन्दा फरक, अपत्यारिलो, अस्वभाविक वा जीवन स्तर नसुहाउदो आर्थिक काम, कारोवार वा क्रियाकलाप गरेको देखिएको,

(३) मनासिव माफिकको कारण नै नभई अचानक आर्थिक वृद्धि वा हैसियत देखिएको,

(४) आय श्रोत नखुलेको वा नखुलाएको वा श्रोतको बारेमा चित्तबुझ्दो विवरण प्राप्त नभएको,

(५) काम कारोवारको सिलसिलामा प्रचलित कानून बमोजिम खुल्नु पर्ने पहिचान लगायत अन्य विवरण बिना कारण नखुलेको वा खुलाउन नचाहेको,

(६) कुनै पनि काम कारोवारमा वित्तीय जानकारी इकाईलाई नियमित सूचना प्रदान गर्न तोकिएको सीमा भन्दा कम रकममा बारम्बार कारोवार गरेको देखिएको,

(७) कुनै कसूरको सिलसिलामा प्रहरी, अख्तियार, कर, राजश्व अनुसन्धान लगायतका अन्य अपराध अनुसन्धानकारी निकायले छानविन, अनुसन्धान तहकिकात गरिरहेका वा त्यस्ता निकायबाट खोजी भैरहेकाहरुसँग सम्बन्धित रहेको,

(८) नेपाल राष्ट्र बैंक, बीमा समिति, धितोपत्र वोर्ड, स्टक एक्सचेन्ज, कम्पनी रजिष्ट्रार, सहकारी विभाग, बार काउन्सिल, चाटर्ड एकाउण्टेण्ट्स संस्था लगायतका अन्य नियमनकारी निकायले कारवाही शुरु गरेको वा कारवाही गरेकाहरुसँग सम्बन्धित रहेको काम कारोवारमा सूचक संस्थालाई पनि शंका लागेको,

(९) कर्जा सूचना केन्द्र वा आफूले कुनै कारोवारमा कालोसूची वा जोखिमको सूचीमा राखेकासँग सम्बद्ध रहेको देखिई सोमा शंका लागेको,

(१०) विदेशी अपराध अनुसन्धानकारी वा नियमनकारी निकाय वा सरकारले छानविन, अनुसन्धान तहकिकात वा कारवाही गरिरहेका ग्राहकहरुसँग सम्बन्धित रहेको बुझिन वा थाहा हुन आएको,

(११) बालबालिका, महिला वा अनाथ लगायत अन्य कुनै पनि ग्राहकको कुनै पनि प्रकारले हुने यौन शोषण, दुर्व्यवहार जस्तो कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१२) जबरजस्ती तरिकाले रकम, चन्दा वा कुनै पनि प्रकारको सम्पत्ति वा अन्य वस्तु वा सहयोग लिने, दिने, दिन बाध्य गर्ने वा जबरजस्ती असुली गरी सम्पत्ति प्राप्त गरेको,

(१३) कुनै पनि वस्तुको तस्करी, अवैध पेशा, व्यापार, व्यवसाय, चोरी, डकैति, नक्कल, अवैध उत्पादन, अपचलन वा अवैध ओसार पसार कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१४) हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१५) विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१६) ज्यान, चोरी, ठगी, किर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१७) लागू औषध नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१८) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(१९) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२०) सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२१) वन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२२) भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२३) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गत कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२४) बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२५) प्राचीन स्मारक संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२६) उपभोक्ता संरक्षण, कालोबजार नियन्त्रण, प्रतिष्पर्धा सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२७) कम्पनी, वाणिज्य, आपूर्ति, यातायात व्यवसाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२८) शिक्षा, स्वास्थ्य, औषधी, वातावरण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(२९) वैदेशिक रोजगार सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३०) चिट्ठा, जुवा, चन्दा सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३१) भित्री कारोवार, झुटो कारोवार वा धितोपत्र, बीमा सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३२) विनिमेय अधिकारपत्र सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३३) निर्वाचन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३४) वौद्धिक तथा औद्योगिक सम्पत्ति सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३५) संचार, प्रशारण, विज्ञापन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३६) जग्गा, घर, सम्पत्ति सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३७) भन्सार, राजस्व, कर सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३८) अध्यागमन, नागरिकता, राहदानी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(३९) संघ/संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(४०) आप्रवासी बेचविखन, अपहरण, बन्धक जस्तो कसूर गरी सम्पत्ति प्राप्त गरेको,

(४१) नेपाल सरकारले आतंकवादी वा आपराधिक गतिविधिमा संलग्न भनि तोकिदिएका व्यक्ति वा संस्था, वा अन्तर्राष्ट्रिय रुपमा संयुक्त राष्ट्र संघले बिभिन्न प्रस्ताव मार्फत आतंकवादी वा अपराधिको सूचीमा राखेको, वा आतङ्क, आतंककारी गतिविधि, आतंकवादी संगठन, संगठित अपराध, लागू औषध लगायत अन्य कुनै पनि किसिमका आपराधिक कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने कार्यसँग सम्बन्धित रहेको,

(४२) स्वदेशी वा विदेशी संचार माध्यमहरुले अपराधका सम्बन्धमा कुनै व्यक्ति वा संस्थाका बारेमा गरेको टिप्पणी वा समाचार सम्प्रेषणका आधारमा हेर्दा सूचना गर्नु पर्ने प्रकृतिको देखिएको,

(४३) बिना कारण बारम्बार पिक आवर वा भिडभाडमा मात्र काम कारोवार गर्न आउने गरेको,

(४४) काम गराउनु पर्ने कर्मचारीसँग अनुचित वा अस्वभाविक नजिकको सम्बन्ध राख्न खोजेको,

(४५) एक भन्दा बढी असम्बन्धित ग्राहकको समान ठेगाना भएको,

(४६) नियमनकारी वा तालुक निकायले अन्य कुनै आधार दिएकोमा सो अनुरुप शंकास्पद देखिएको,

(४७) कुनै अन्य कारणले शंकास्पद देखिएको वा माथि उल्लिखित कार्यमा मतियार भई वा सहयोगीको रुपमा कार्य गरेको,

(४८) विना कारण आवश्यक कागजात दिन नचाहेमा वा कारोवार गर्दा आवश्यक प्रकृया पूरा गर्न नचाहेमा वा नसकेमा, गलत, नक्कली, अपुरो, अविश्वसनीय वा अस्प्रष्ट पहिचान दिन चाहेमा, विवरण नयाँ वा विदेशी मात्र भएमा, फरक फरक समयमा फरक फरक पहिचानका विवरण दिएमा वा अन्य व्यक्तिको आधारमा मात्र पहिचान गराउन खोजेमा वा त्यस्तो प्रयास गरेमा,

(४९) शंकास्पद कारोवारको सम्बन्धमा अस्वभाविक चासो देखाएमा वा सो सम्बन्धमा मनि चेञ्जरको आन्तरिक व्यवस्थापनका सम्बन्धमा अनावश्यक वा अस्वाभाविक जिज्ञाशा राखेमा,

(५०) तोकिएको सीमा रकम भन्दा कम वा नजिकको रकम बारम्बार सटही गर्ने गरेमा,

(५१) आपराधिक कार्यलाई प्रोत्साहन दिन वा त्यस्तो कार्यबाट रकम प्राप्त भै रहेको शंका लागेमा,

(५२) सीमा भन्दा बढीको कारोवार वित्तीय जानकारी इकाइमा सूचित गर्नुपर्छ भन्ने कुरा थाहा पाउनासाथ कारोवार गर्न आनाकानी गरेमा वा अर्को कुनै वैकल्पिक उपायको खोजी गरेमा वा वित्तीय जानकारी इकाई वा अन्य अधिकार प्राप्त निकाय समक्ष हुने रिपोर्टिङ्ग छल्ने गरी कारोवार गरेमा,

(५३) कारोवार सूचित नगर्नका लागि कुनै काम कुरा गर्न गराउन खोजेमा, बल प्रयोग गरेमा वा अन्य कुनै उपायद्वारा प्रभावमा पार्न खोजेमा,

(५४) आवश्यक नै नभई रकम वा कारोवारको शुद्धताका बारेमा स्वःस्फूर्त रुपमा अनावश्यक वा अस्वाभाविक जानकारी दिएमा वा दिन खोजेमा,

(५५) नगद अस्वभाविक तरिकाले बाधी वा प्याकेजिङग गरी लाने ल्याउने गरेमा,

(५६) उपस्थित व्यक्ति नर्भस अन्यौल, अस्पष्ट देखिएमा, आवश्यकता भन्दा बढी नै हतारिएमा वा गोप्य रहन चाहेमा,

(५७) कुनै कसूर वा अपराधजन्य कार्य गरेको वा गर्ने कुराकानी गरेमा, निजको कसैले निरीक्षण गरिरहेको थाहा पाइएमा,

(५८) कारोवारमा असम्बद्ध तेश्रो पक्ष अस्वभाविक, अनावश्यक वा बढी नै संलग्न भएमा,

(५९) बिना कारण वढी आर्थिक व्ययभार व्यहोरेर भए पनि कारोवार गर्न खोजिएमा,

(६०) विदेशी मुद्रा अपचलन, दुरुपयोग सम्बन्धी काम कारवाही भएमा,

(६१) प्रचलित कानूनको अधिनमा रही सूचक संस्था आफैले उपयुक्त ठानेका अन्य कारोवार ।

## ४. जोखिमको वर्गीकरण

४.१ सूचक संस्थाले आफ्ना ग्राहक, कारोवारको मात्रा, प्रकृति र क्षेत्र हेरी देहाय बमोजिमका ग्राहक तथा कारोवारलाई अत्याधिक जोखिम अन्तर्गत राख्नु पर्नेछ ।

(१) आतङ्क, आतंककारी गतिविधि, आतंकवादी संगठन, संगठित अपराध, लागू औषध लगायत अन्य कुनै पनि किसिमका आपराधिक कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनेसँग सम्बन्धित र त्यस्तो कारोवार,

(२) राजनैतिक, व्यवसायिक, सामाजिक, वित्तीय, प्रशासनिक आदि क्षेत्रमा उच्च तहमा रहेका स्वदेशी वा विदेशी नागरिक तथा थाहा भएसम्मका निजका परिवार, नजिकका नातेदार वा निजहरुसँग सम्बद्ध फर्म, कम्पनी वा संघ/संस्थासँग सम्बन्धित कारोवार,

(३) गैर आवासीय ग्राहकको कारोवार,

(४) सम्पत्ति शुद्धिकरण र आतङ्कवादी क्रियाकलाप रोक्ने सम्बन्धमा आवश्यक मापदण्ड पूरा नगरेका देशका नागरिक वा अन्यको कारोवार,

(५) संयुक्त राष्ट्र संघ वा अन्य अन्तर सरकारी अन्तर्राष्ट्रिय संस्थाले आर्थिक नाकाबन्दी लगाएको वा खबरदारी गरेका राष्ट्रका नागरिक वा अन्य व्यक्ति तथा संस्थासँगको कारोवार,

(६) सम्पत्ति शुद्धिकरण र अन्य वित्तीय अपराधमा संलग्न भएको भनी आम संचार माध्यममा चर्चा पाएका ग्राहकहरु,

(७) फाइनान्सियल एक्सन टास्क फोर्स (FATF) ले असहयोगी राष्ट्र भनी तोकेका राष्ट्रका बासिन्दा, व्यवसायी वा नागरिकसँगको कारोवार वा सम्पत्ति शुद्धिकरण र आतङ्कवादी क्रियाकलापमा लगानी रोक्ने सम्बन्धमा आवश्यक मापदण्ड नअपनाएका देशका नागरिक, व्यवसायी वा वासिन्दासँगको कारोवार,

(८) ग्राहक पहिचानका सन्दर्भमा त्यत्ति सजग नभएका राष्ट्र वा सोका नागरिक एवम् संस्थासँग सम्बन्धित कारोवार,

(९) विभिन्न राष्ट्रहरुका नियामक निकायहरुले खबरदारी गरेकासँग सम्बन्धित कारोवार,

(१०) प्रविधिको दुरुपयोगबाट हुन सक्ने कारोवार,

(११) सूचक संस्था आफैले उपयुक्त ठानेका अन्य कारोवार ।

४.२ सूचक संस्थाले दफा ४.१ मा लेखिएदेखि बाहेकका अन्य सेवाग्राही/ग्राहक र कारोवारको उचित निगरानीमा राखी कारोवार गर्नु पर्नेछः

## ५. जोखिम पहिचान गर्नु पर्ने

सूचक संस्थाले आफू समक्ष आउने ग्राहकको आवश्यक पहिचान गरी अत्यधिक जोखिम भएका ग्राहक तथा कारोवारलाई विशेष निगरानीमा राखी काम कारोवार गर्नु पर्नेछ ।

नोटः विवरण पठाउदा देहाय बमोजिमको ठेगानामा पठाउनु पर्नेछ ।

**नेपाल राष्ट्र बैंक**
**वित्तीय जानकारी इकाइ**
**बालुवाटार, काठमाण्डौ**
**फोनः ४४१९८०४,४४१९८०५,४४१९८०७ (Ext. ४१४,४१७,४१८)**
**फ्याक्सः ४४४१०५१**
इमेलः reportfiu@nrb.org.np